# *निर्वाचनसम्बन्धी अन्मिनको प्रतिवेदन ३, २०६४ चैत २४ गते*

*यो प्रतिवेदन नेपालस्थित मानवअधिकारसम्बन्धी उच्चायुक्तको कार्यालय (ओएच्सीएच्आर) सँगको संयोजनमा नेपालस्थित संयुक्त राष्ट्रसंघीय मिसन (अन्मिन) ले तयार गरेको हो। अन्मिनद्वारा गरिने युद्धविरामको अनुगमन तथा हतियार र सेनाको व्यवस्थापन एवम् ओएच्सीएच्आरद्वारा गरिने मानवअधिकारको अनुगमन जस्ता माध्यमबाट संविधानसभाको निर्वाचनका लागि स्वतन्त्र र निष्पक्ष वातावरण सिर्जना गर्नका लागि सहयोग पुऱ्याउन संयुक्त राष्ट्रसंघलाई अनुरोध गरिएको थियो।*

## २०६४ चैत २८ गते हुने संविधानसभाको निर्वाचनको अवस्था

गत साता निर्वाचनको तयारीले गति लिएको छ। गत साता भएका सकारात्मक विकासमध्ये सात राजनीतिक दलको गठबन्धनका मुख्य तीन दलले शान्तिपूर्ण ढङ्गले प्रचारप्रसार गर्ने र जिल्ला तहमा समन्वय गर्ने भनेर व्यक्त गरेको पुनः प्रतिबद्धता पनि एक हो। यद्यपि यस प्रकारको अभिव्यक्ति यथार्थमा रूपान्तरित हुन जरुरी छ। प्रायः त्यसो भएको देखिँदैन। धेरै निर्वाचन क्षेत्रमा प्रचारप्रसार शान्तिपूर्ण नै रहे पनि निर्वाचनसम्बन्धी हिंसा र राजनीतिक दलका कार्यकर्ताहरूद्वारा दिइने धम्कीका घटनाहरू जारी छन् भने धेरै जिल्लाहरूमा राजनीतिक दलहरूबीच नियमित र कहिलेकाहीँ गम्भीर झडप भएको पाइएको छ।यी मध्ये धेरैजसो घटनामा योङ्ग कम्युनिष्ट लिग र माओवादीका अन्य कार्यकर्ता संलग्न रहे। राजनीतिक दलहरूले सरकारी स्रोतको दुरुपयोग गरेका यथेष्ट प्रमाण फेला परेको छ।

दुई जनाको मृत्यु र अन्य केही घाइते बनाएको विराटनगरस्थित एउटा मस्जिदमा चैत १६ गते गरिएको बम प्रहार नियतवश गरिएको उत्तेजनात्मक कार्य भए पनि त्यस क्रममा देखिइएको संयमता र जिम्मेवारीपन गत साताको सबैभन्दा प्रमुख सकारात्मक पक्ष हो। नेपाल डिफेन्स आर्मीले उक्त बम आक्रमणको जिम्मेवारी लिएको छ। विराटनगरका जनताले साम्प्रदायिक हिंसा भड्कने स्थितिलाई रोकी आफ्नो संयमता र प्रतिष्ठाको परिचय दिएका छन्।

संवेदनशील जिल्लाहरूमा सुरक्षाको स्थिति बलियो बनाउने सशस्त्र प्रहरी बलसहित नेपाल प्रहरीको निर्णय स्वागतयोग्य भए तापनि निर्वाचनअघिको अवधिमा प्रहरीले कानुनको कार्यान्वयन गर्न नसक्दा आफूले गरेका सबै काममा दण्ड नपाउने खालको भावना बढ्ने वातावरण सिर्जना हुने सम्भावना बन्न सक्छ।कानुन मिच्नेलाई पक्राउ गरेर न्यायको कठघरामा उभ्याउनुपर्छ। पक्राउ गरिएकाहरूलाई उपयुक्त कानुनी विधि नै पूरा नगरी रिहा गर्ने बढ्दो प्रवृत्तिले जारी हिंसामा योगदान पुऱ्याएको छ।

## १. <u>निर्वाचन विरोधी समूहद्वारा फैलाईएको हिंसा</u>

सरकार र तराईका सशस्त्र समूहबीच हुने भनिएको वार्ता दुर्भाग्यवश निर्वाचनअघि हुन सकेन र धेरै क्षेत्रमा यी समूहहरूका गतिविधि वा धम्कीका कारण डरत्रास तथा भयको वातावरण सिर्जना भइरह्यो। निर्वाचनको तयारी हुँदै गर्दा एवम् निर्वाचनको दिनमा सीमा सुरक्षा कडा गर्ने र तीन दिनसम्म सीमा बन्द गर्ने सम्बन्धमा स्थानीय प्रशासनले भारतीय समकक्षीहरूसित वार्ता गरेको छ।

सशस्त्र समूहद्वारा हुने अपहरणमा केही कमी आए तापनि घरेलु विस्फोटक उपकरणको विस्फोटनमा भने उल्लेख्य वृद्धि देखिएको छ। ति मध्ये केही विस्फोटक शक्तिशाली थिए र कतिपय निर्वाचन प्रक्रियालाई स्पष्ट निशाना बनाइएको थियो। चैत १८ गते सुनसरीस्थित नेपाली कांग्रेसको जिल्ला कार्यालयमा विस्फोट भएको प्रेसर कुकर बम यसको एउटा उदाहरण हो। त्यस्तै अर्को अत्यन्त खराब घटनामा चैत २० गते सिराहामा एउटा यात्रुवाहक बसलाई लक्षित गरी फालिएको बमको कारण कम्तीमा तीन जना घाइते भए। पहाडी जिल्ला ताप्लेजुङ र भोजपुरमा पनि सशस्त्र समूहले घरेलु विस्फोटकहरू प्रयोग गरेका छन् जुन भरखरै पैदा भएको चिन्ताजनक स्थिति हो।चैत २२ र २३ गते काठमाडौंमा घरेलु विस्फोटक उपकरणका माध्यमबाट गराइएको केहि विस्फोटले निर्वाचनलाई बिथोल्न र त्रास फैलाउने अन्तिम प्रयास भइरहेको आशङ्का गर्न सकिन्छ।

उम्मेदवार तथा राजनीतिक दलका कार्यकर्तामाथि हिंसात्मक आक्रमणका घटना बढेका छन्, ति घटनामा कसैको मृत्यु नभए पनि केहि गम्भीर घाइते भएका छन् । चैत १६ गते सुनसरी र १८ गते कपिलवस्तुमा क्रमशः नेपाली कांग्रेसका सदस्य र मधेसी जनअधिकार फोरमका जिल्ला सभापतिलाई अज्ञात् समूहले गोली हानेर घाइते बनाएका थिए। चैत १६ गते दलित जनजाति पार्टीका एक जना उम्मेदवारलाई सप्तरीमा अपहरण गरियो भने सिराहामा चैत १८ गते नेपाल मजदूर किसान पार्टीका सदस्यलाई अपहरण गरियो। आफ्ना क्रियाकलापहरू तीब्र बनाउने लक्ष्य लिएका सशस्त्र समूहहरूले मानवअधिकारवादी संस्थाहरूलाई सुनसरी जिल्लाका केही दक्षिणी गाविसहरूमा अनुगमन नगर्न सल्लाह दिएको बुझिएको छ। हालै जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का केही कार्यकर्ता पक्राउ परेको परिप्रेक्ष्यमा भने मध्य-पश्चिमाञ्चल क्षेत्रमा सशस्त्र समूहको गतिविधिमा कमी आएको छ।

सरकार र चार वटा सशस्त्र समूह - मधेसी मुक्ति टाइगर्स, संयुक्त जनतान्त्रिक तराई मुक्ति मोर्चा, तराई कोब्रा र जनतान्त्रिक तराई मुक्ति मोर्चा (राजन मुक्ति) – बीच वार्ता हुन नसकेपछि ति

सशस्त्र समूहहरूले चैत १८ र १९ गते दुई दिने बन्दका साथै चैत २५ गतेदेखि अनिश्चितकालीन हडतालको घोषणा गरेका छन्। जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) तथा अखिल तराई मुक्ति मोर्चाले चैत २० गतेदेखि निर्वाचन बिथोल्ने अभिप्रायले हडताल तथा अन्य कार्यक्रम घोषणा गरेका छन्। प्रारम्भिक अवस्थामा प्राप्त विवरणमा प्रचारप्रसार जारी रहेको भनिए पनि यस्ता घोषणासित सम्बन्धित धम्की र अनिश्चितताले उम्मेदवार तथा मतदाता सहभागी हुने निर्वाचनको वातावरणमा डरत्रास थप्छ।यस्तो परिस्थितिमा पनि तराई भरि कै मतदातामा अत्यधिक उत्साह देखिएको छ।

## २. <u>मानवअधिकार तथा निर्वाचन आचार संहिताको उल्लङ्घन</u>

सातदल गठबन्धनका तीन प्रमुख दलहरूको शान्तिपूर्ण प्रचारप्रसारका लागि हालै प्रतिबद्धता व्यक्त गरे पनि दिनहुँ जसो दलका समर्थकबीच झडप भैरहेका विवरण अन्मिन र ओएच्सीएच्आरलाई निरन्तर प्राप्त भइरहेको छ। विशेषगरी पहाडी जिल्लामा नेकपा-माओवादीका कार्यकर्ताबाट हुने गरेको छोटो अवधिको अपहरण र पक्राउका घटना बढिरहेको छ भने दुर्व्यवहार, अवरोध र डर-त्रास-धम्कीका घटना पनि व्यापक छ।माओवादी संलग्न रहेका धेरै घटनामा चैत १२ गते सिन्धुपाल्चोकमा राष्ट्रिय प्रजातन्त्र पार्टीका आठ जना सदस्यको अपहरण; चैत १३ गते नवलपरासीमा नेपाली कांग्रेसका पाँच जना सदस्यको अपहरण; चैत १३ गते नै दोलखामा नेकपा एमालेका सदस्यहरूलाई कुटपिट; चैत १४ गते धादिङमा नेपाली कांग्रेसका सदस्यमाथि गरिएको कुटपिट; धादिङमै चैत १७ गते एमाले कार्यकर्तामाथि गरिएको कुटपिट; चैत १९ गते रसुवामा नेपाली कांग्रेसका उम्मेदवार तथा उनका सहयोगी माथि भएको कुटपिट; चैत २० र २१ गते राप्रपा र एमालेका समर्थकमाथि चितवनमा भएको आक्रमणका घटना छन्। हालैका अन्य घटनाका बारेमा अन्मिन र ओएच्सीएच्आरले अनुसन्धान गरिरहेको छ। सुरक्षाको कारणले गर्दा केही जिल्लाहरूमा एमालेले आफ्नो प्रचारप्रसार अभियानलाई जिल्ला सदरमुकाममा मात्र सिमित गरेको छ।यस बाहेक अन्मिन र ओएच्सीएच्आरले अनुगमन गरेका धेरै जिल्ला तथा निर्वाचन क्षेत्रमा कुनै समस्या बिना प्रचारप्रसारका गतिबिधि भइरहेका छन्।

अन्य दलहरू संलग्न भएका घटनामा धेरैजसो सामान्य झडप र प्रचारप्रसार अभियानमा अवरोध पुऱ्याउने जस्ता गतिविधि रहेका छन्। उदाहरणका लागि चैत १२ गते सुनसरीमा मधेशी जनाधिकार फोरम र नेपाली कांग्रेसबीच भएको झडप, चैत १४ गते बाँकेमा मधेशी जनाधिकार फोरम र तराईं-मधेश लोकतान्त्रिक पार्टी (तमलोपा) बीच भएको झडप, र चैत १३ गते लमजुङमा नेपाली काँग्रेसको चुनावी कार्यक्रम सकिने बित्तिकै एमालेका कार्यकर्ताले नेपाली काँग्रेसका दुई जना कार्यकर्तालाई पिटेका थिए।चैत १८ गते काभ्रेपलाञ्चोक निर्वाचन क्षेत्र नं १ मा नेकपा संयुक्तका समर्थकहरूले जनमोर्चाका उम्मेदवारमाथि सांघातिक आक्रमण गरेका थिए।

चैत १७ गते डडेलधुरामा नेपाली काँग्रेस, एमाले र नेकपा-माओवादीका समर्थकहरू संलग्न रहेको घटना स्थानीय प्रशासनले कर्फ्यू आदेश जारी गरेपछि मात्रै नियन्त्रणमा आएको थियो। घटनामा २७ जना घाइते भएका र नेका तथा नेकपा-माओवादीका कार्यालयहरू तोडफोड गरिएको थियो। तनहुँमा भएको अर्को गम्भीर झडपमा नेका र नेकपा-माओवादीका थुप्रै समर्थकहरूका साथै प्रहरीहरू समेत घाइते भएका थिए।

नेकपा-माओवादी र एमाले संलग्न भएका रामेछापको पकरवास गाविसमा चैत १५ र १६ गते भएको घटनाको ओएच्सीएच्आरले अनुसन्धान गरेको थियो। ओएच्सीएच्आरका अनुसार रामेछापको दुर्गम गाविसहरूमा अन्य दलका कार्यक्रमहरूमा माओवादीहरूले निरन्तर रूपमा अवरोध गरेको र एमालेका कार्यकर्ताहरूले चैत १५ गते माओवादी महिलाहरूको साँस्कृतिक कार्यक्रममा बलपूर्वक अवरोध पुऱ्याएको र सोही दिन साँझ माओवादीका एक कार्यकर्तालाई आक्रमण गर्दा निजको टाउकोमा चोट लागेको थियो। त्यसको भोलिपल्ट माओवादी कार्यकर्ताहरूले उक्त प्रभावित गाविसको गाउँलाई घेरेर एमालेका पाँच जना कार्यकर्तालाई घण्टौं सम्म नियन्त्रणमा लिएको पनि पुष्टि ओएच्सीएच्आरले गरेको छ। ती मध्ये प्रचारप्रसार अभियानमा संलग्न बिदामा रहेका नेपाली सेना दुई जवान पनि थिए। माओवादीहरूले अनुमति नलिइकन निजी घरहरूमा पसेर खानतलासी गर्ने र स्थानीय गाउँलेमा त्रास फैलाउने गरेको पनि ओएच्सीएच्आरले पत्ता लगाएको छ। निर्वाचनका दिन हुन सक्ने हिंसाको त्रासका कारण आफूहरू भोट हाल्न नजाने सम्मको निर्णय गर्न सक्ने स्थानीय गाउँलेहरूले ओएच्सीएच्आरलाई बताएका छन्। माओवादीका जिल्ला इन्चार्ज राजन दाहालले माओवादीको विरोध गर्ने विरूद्धको हिंसा जायज हो भनेका कारणले रामेछापमा अझ बढी हिंसा हुन सक्ने गम्भीर चासो ओएच्सीएच्आरले व्यक्त गरेको छ।

सोलुखुम्बुमा चैत १३ गते माओवादीका जिल्ला समिति सदस्य गंगा भुजेलको प्रहरीको गोली लागेर मृत्यु भएको अन्मिनले पुष्टि गरेको छ। नेकपा-माओवादी र नेका दुवैले चैत १३ गते एकै स्थानमा कार्यक्रम गर्ने योजना बनाएको देखिन्छ र स्थानीय प्रशासनले प्रतिस्पर्धी दुवै दलहरूको ऱ्याली एकैदिन हुन नदिइ सम्भावित झडप रोक्ने तर्फ चासो नदिएको देखिन्छ। दुवै दलका कार्यकर्ताबीच भएको झडपमा निकै घाइते भएका थिए। नेका उम्मेदवार बलबहादुर केसीको सुरक्षार्थ खटिएका प्रहरीले झडपका बेला गोली चलाएका थिए। त्यहाँ उपस्थित माओवादी कार्यकर्ताहरूसँग बन्दुक वा खुकुरी भएको र नेकाका उम्मेदवार त्यहाँ नेकपा-माओवादीको कार्यक्रम भाँड्न नियोजित रूपमा उपस्थित भएको कुनै प्रमाण अन्मिनले प्राप्त गर्न सकेन। प्रहरीले पक्षपातपूर्ण व्यवहार गरेको र अत्याधिक बल प्रयोग गरेको हुन सक्नेमा अन्मिनको चासो रहेको छ। हत्याको यो घटनाको अधिकारीहरूले निष्पक्षतापूर्वक छानबिन गर्ने र नेका र नेकपा-

माओवादीका नेताहरूले सोलुखुम्बुमा अझ बढी हिंसा नहोस् भन्नका लागि अधिकारीहरूसँग मिलेर काम गर्नु महत्वपूर्ण हुन्छ।

प्रहरीले चैत ९ गते कपिलवस्तुमा नेकपा-माओवादीका कार्यकर्ताको हत्या भएको घटनाको छानबिन शुरू गरेको जानकारी ओएच्सीएच्आरलाई प्राप्त हुनु स्वागतयोग्य कुरा हो।यसअघि राजनीतिक दबाबले गर्दा अस्पतालका कर्मचारीहरूलाई उचित तरिकाले पोष्टमार्टम गर्न नदिइएको भन्ने जानकारी आएको थियो।

उम्मेदवार र दलहरूले मतदानको केहि दिन अघि र मतदानकै दिनमा पनि मतदाताहरूलाई विभिन्न "परम्परागत" तरिकाले अनुचित प्रभाव पार्ने योजना बनाइरहेका छन् भन्ने दुःखद सूचनाहरू अन्मिन र ओएच्सीएच्आरलाई प्राप्त भएका छन्।सोलुखुम्बु तथा डडेलधुराजस्ता केहि जिल्लामा प्रहरीले पक्षपातपूर्ण व्यवहार गरेको सङ्केत प्रतिवेदनहरूले गरेको छ। खानेकुरा, कपडा र अन्य वस्तु वा नगद "दान" दिएर स्थानीय समुदायको मतको "सुनिश्चित गर्ने" स्थानीय दलालहरूको प्रयोग गरेर मत खरिद बिक्रि गर्नुका साथै दलित र अरू जोखिममा रहेका समुदायलाई प्रभावशाली जमिन्दार वा स्थानीय नेताहरूले भने अनुसार मतदान गर्नका लागि डर-त्रास-धम्की दिने प्रयास भैरहेको पनि मतदाताहरूले जानकारी दिएका छन्।त्यसैगरि छानीछानी मतदाताहरूलाई मत हाल्न नदिने उद्देश्यले मतदान केन्द्र जानबाट रोक्ने योजनाहरू रहेको पनि आरोप पनि लागेको छ।

परम्परागत रूपमा सीमान्तीकृत समुदायका सदस्यहरूले निर्वाचन प्रक्रियामा विशेष प्रकारको डर-धाक-धम्की र समस्याहरूको सामना गर्नु परेको सूचनाप्रति अन्मिन र ओएच्सीएच्आरको चासो छ।उदाहरणको लागि, नेकपा-माओवादीका तीन जना दलित समर्थकहरूलाई चैत १० गते कैलालीमा नेका र एमालेका माथिल्लो जातिका समर्थकहरुले "दलितले राजनीति गर्नु हुँदैन" भन्दै मौखिक र शारिरिक दुर्व्यवहार गरेको कुराको ओएच्सीएच्आरले पुष्टि गरेको छ।घटनाका सम्बन्धमा चार जनालाई प्रहरीले पक्राउ गरेको भएपनि पछि प्रहरीको मध्यस्थतामा दलहरूबीचको सहमतिमा पिडितसँग परामर्श नै नगरिकन उनीहरूलाई मुक्त गरिएको जानकारी प्राप्त भएको छ।कञ्चनपुरका दलित सङ्घ सङ्गठनहरूले दलितहरूलाई जमिन्दारहरूले उनीहरूले समर्थन गरेको उम्मेदवारका लागि भोट हाल्न दबाव दिएको दाबी गरेका छन्।सिराहाबाट प्राप्त विभेदको सम्बन्धी सूचना अनुसार सिराहामा महिला उम्मेदवारहरूले स्थानीय प्रशासनबाट चाहेजति सुरक्षा नपाएका कारणले उनीहरूको स्वतन्त्रतापूर्वक प्रचारप्रसार गर्ने क्षमतामा वाधा पुगेको छ।सवारी साधन प्रयोग गर्ने उम्मेदवारलाई मात्र सुरक्षा प्रदान गर्न सकिने भनेर प्रशासनले धनुषामा दलित जनजाति पार्टीका उम्मेदवारहरूलाई प्रचारप्रसारमा सुरक्षा नदिएको जानकारी पनि ओएच्सीएच्आरले पाएको छ।

तीन मुख्य दलका प्रचारप्रसार अभियानमा बालबालिकाहरूको अत्याधिक सहभागिता भएको छ र कतियपमा यस्तो संख्या ¥यालीको झण्डै ५० प्रतिशत सम्म पुग्ने गरेको छ। विधिसम्मत राजनीतिक क्रियाकलापमा बालबालिकाहरूको स्वतःस्फूर्त सहभागिता मान्य हुने भएपनि केहीलाई पैसा दिएर वा अरू कुनै सुविधा दिएर बालबालिकाहरुलाई सहभागि गराइएको अन्मिनको जानकारीमा आएको छ। बालबालिकाको राजनीतिप्रतिको स्वभाविक अभिरुचिको गलत फाइदा उठाउने गरेको र दलहरूले पछि पारिएका बालबालिकाहरूलाई लक्षित गरेको तर्फ पनि अन्मिनको चासो रहेको छ।रामेछाप र गोर्खामा भएको निर्वाचन सम्बन्धित हिंसामा र ¥यालीहरूमा माओवादीको योङ्ग कम्युनिष्ट लिगले बालबालिका र त्यसमा पनि स-साना बालबालिकाको प्रयोग गरेको प्रति चासो रहेको छ।एमालेले पनि स्कुलका कार्यक्रममा नौ वा दश वर्षका बच्चाहरुलाई प्रयोग गरेको छ भने  नेकाले युवाहरूलाई प्रचारप्रसारमा प्रयोग गरेको र त्यस्तो कार्यक्रम सोलुखुम्बु घटनामा जस्तो हिंसात्मक झडपमा परिणत भएको थियो।

अन्मिन र ओएच्सीएच्आरले निरन्तर रूपमा मतदाता, स्थानीय अधिकारीहरू र स्वयम् दलहरूबाट समेत निर्वाचनको दिनमा राजनीतिक क्रियाकलाप रोक्न युवा सङ्गठनहरू परिचालन गर्ने भन्ने जानकारी पाएको छ जस्ले हिंसाको जोखिमलाई बढाउँछ। अन्मिन र ओएच्सीएच्आरले विभिन्न जिल्लाहरूमा वाईसीएललाई लाठी र खुकुरीको प्रयोगसम्मको तालिम दिएको र वाईसीएललाई निर्वाचनका दिनमा लाठी र खुकुरीसहित परिचालन गर्ने भन्ने जानकारीको पुष्टि गरेको छ। एमालेले पनि प्रत्येक मतदान केन्द्रमा १०० जना सम्म युवा परिचालन गर्ने योजना रहेको भन्ने जानकारीमा आएको छ।

## ३. <u>हतियार तथा सैन्य अनुगमन</u>

अन्मिनका हतियार अनुगमनकर्ताहरूले शिविरमा माओवादी सैन्यको उपस्थितिको अनुगमनको कामलाई तीव्रता दिएका छन् र नेपाली सेनालाई सुरक्षाका लागि खटाइएका ५० वटा नयाँ स्थलहरूमा नेपाली सेनाको अनुगमन पनि गरिरहेका छन्।

अहिले नेपाली सेनालाई मुख्य-मुख्य सीमा, संरचना, मुख्य सडक र चौबाटो लगायतका ५४० स्थानमा खटाइएका छन् जसमा प्लाटुन (४०) देखि लिएर बटालियन (८००) तह सम्म रहेका छन्। आफ्नो ब्यारेक नजिकै मतदान केन्द्र नभएको खण्डमा मतदान गर्ने प्रयोजनका लागि ब्यारेकबाट मतदानको दिनमा सेनाको केहि आवागमन हुन सक्नेछ।

माओवादी सेनाहरू २८ वटामा शिविरमा छन् र प्रत्येक शिविर नजिकै एउटा मतदान केन्द्र हुनेछ।अन्मिनले निरन्तर रुपमा माओवादीको मुख्य शिविरहरू, सबै डिभिजनहरू र बटालियन

तथा ब्रिगेडमा चैत ११ गते यता कम्तिमा एक वा त्यसभन्दा बढी पटक सैन्यको गणना गरेको छ। बिदामा गएका सबैलाई पुनः शिविरमै फर्कने आदेश भइसके पछि पनि बिदामा रहेका सबै शिविरमा नफर्केका भएपनि १२ प्रतिशत भन्दा बढी बिदामा बस्न नपाईने नियमको पालना भएको गणना पछिको सैन्यको उपस्थितिले पुष्टि गरेको छ।

सिमित श्रोतका हुँदाहुँदै पनि माओवादी सैन्य शिविर र नेपाली सेनाको ब्यारेकको र अन्य स्थल बाहेकपनि अन्यत्र गएर हतियार तथा सेनाको अनुगमन व्यवस्थापन सम्झौताको उल्लङ्घनको छानबिनलाई उच्च प्राथमिकता दिइएको छ। विशेषत् अन्मिनले माओवादी सैन्यहरू राजनीतिक उद्देश्यका लागि शिविर बाहिर निस्कने गरेका छन् भन्ने रिपोर्ट र नेपाली सेनाका एकाईहरूको अनाधिकृत आवागमनका रिपोर्टको छानबिनमा प्राथमिकता दिन्छ। समुदायमा माओवादी सैन्यको उपस्थितिको केहि सुचनाहरू पुष्टि भएपछि संयुक्त अनुगमन समन्वय समितिमा जानकारी गराइसकेको छ भने हतियार अनुगमनकर्ता र नागरिक मामिला कार्यालयले गरेको छानबिन गरेका धेरै घटनामा त्यस्ता आरोपलाई पुष्टि गर्ने प्रमाण फेला परेन।केही घटनामा वाईसीएल र माओवादी पार्टीका अन्य सदस्यहरूलाई पनि शिविरमा दर्ता गरिएका माओवादी सैन्य भनि गलत पहिचान गरिएका छन्।

माथि उल्लेख भए बमोजिम रामेछापमा भएको घटनामा बिदामा रहेका दुई जना नेपाली सेनालाई नेकपा-माओवादीका कार्यकर्ताले आफ्नो नियन्त्रणमा लिएपछि त्यस्का विरूद्ध चैत १६ गते नेपाली सेनाले सैन्य कारबाही गर्ने तयारी गरेको थियो। घटनाको अनुपातमा सो तयारी आवश्यकता भन्दा बढी रहेको र यस्ता घटनाले शान्ति प्रक्रियामा नै नकारात्मक परिणाम ल्याएर सैन्य द्वन्द्व बढाउन सक्छ भन्दै अन्मिनले सरकार समक्षआफ्नो गहिरो चासो व्यक्त गरेको थियो।यद्यपी ती नेपाली सेनालाई प्रहरीको जिम्मा लगाएपछि सैन्य कारबाही टरेको भएपनि, त्यस्तो मामिला कानुन कार्यान्वयनसँग सम्बद्ध विषय हुनु पर्दथ्यो। साथै विस्तृत शान्ति सम्झौताको सन्दर्भमा कुनै पनि सैन्य कारबाही सरकारको स्वीकृति लिएर मात्र गर्नुपर्छ। अन्मिन र ओएच्सीएच्आरलाई अहिलेसम्म घटनामा संलग्न नेपाली सेनाका सदस्यहरूसँग कुराकानी गर्न दिइएको छैन।

संयुक्त अनुगमन समन्वय समितिको पछिल्लो बैठक चैत १५ गते बसेको थियो भने आगामी बैठकमा चैत २६ गते बस्दैछ।माओवादी सेनाको प्रतिनिधिको अनुपस्थितिले गर्दा बैठकको नियमितता प्रभावित हुनु सन्तोषजनक होइन।

४. सुझावहरू

- चैत २८ गतेको निर्वाचनका मुखैमा आइपुग्दा, निर्वाचनप्रति प्रतिबद्ध सबै राजनीतिक शक्तिहरू क्षणिक दलगत स्वार्थलाई पर राखेर निर्वाचन र शान्ति प्रक्रियालाई जोखिममा पर्नबाट जोगाउन निर्वाचनको सफलताका लागि एकजुट हुनपर्छ। निर्वाचनप्रतिको निष्ठता र विश्वसनियता सबैभन्दा उच्च रहुन पर्छ।
- नेकपा-माओवादी र उसको वाईसीएलले मतदानका दिनमा लगायत आगामी दिनमा अन्य दल र उम्मेदवारको लोकतान्त्रिक अधिकारमाथिको हस्तक्षेप र डर-धाक-धम्की बन्द गर्नुपर्छ।
- नेकपा-माओवादीका नेतृत्वले स्थापित प्रक्रिया मार्फत प्राप्त हुने निर्वाचन परिणामलाई स्वीकार्ने तत्परतामाथि विरोधाभासपूर्ण अभिव्यक्तिले गर्दा आँच नपुगोस् भन्ने सुनिश्चित गर्नुपर्छ।
- सबै दलले सरकारी श्रोतको प्रयोग र प्रभाव लगायत मत आकर्षित गर्ने अप्रजातान्त्रिक उपायहरूको प्रयोग बन्द गर्नुपर्छ।
- मतदान पूर्णरूपमा गोप्य हुन्छ भन्ने निर्वाचन आयोगको आश्वासनलाई सबै दलले सहयोग र समर्थन गर्नुपर्छ।आफूले कसलाई मत हालेको भन्ने अरूले थाहा पाउँछन् भन्ने डरबाट मुक्त भएर कुनै प्रलोभनमा, हिंसा, डर-धाक-धम्कीमा नपरिकन मतदाताहरूले मतदान गर्नु पर्छ।
- सात दलको गठबन्धनले निर्वाचन पछि पनि सहकार्य जारी राख्ने र भविष्यमा बढी भन्दा बढी राजनीतिक शक्तिहरू सम्म पुग्नका लागि समावेशी राजनीतिको सुनिश्चितताका गर्ने आशय सार्वजनिक रूपमा व्यक्त गर्नुपर्छ।
- निर्वाचन तथा मुलुकको विविधताको प्रतिनिधित्व गरेर नेपाली जनताको सार्वभौम अधिकारको प्रतिकलाई एकिकृत गर्ने गर्ने उद्देश्य राखेको संविधानसभाका विरोधीहरूले जनआन्दोलनले स्थापित गरेको लोकतान्त्रिक दिशा र जनताको चाहना स्वीकार्न गर्नैपर्छ।निर्वाचनको प्रक्रिया प्रतिको असन्तुष्टी कुनैपनि हालतमा जनताको स्वतन्त्रतापूर्वक मतदान गर्न पाउने अधिकारको बाधक बन्नु हुन्न। सशस्त्र समूहहरूको जबरजस्ती हडताल, डर-त्रास-धम्की, हिंसाको प्रयोग, विष्फोट लगायतका व्यवधानपूर्ण गतिविधि बन्द गर्नु पर्छ।यस्ता क्रियाकलापले उनीहरूले अगाडी बढाउन चाहेको उद्देश्यलाई कमजोर बनाउनुका साथै वैधानिकतामाथि नै प्रश्न उठाउने र पिडकहरूलाई मात्र सहयोग पुऱ्याउछ। राजनीतिक प्रकियामा व्यवधान पुऱ्याउने कुनैपनि प्रयास अर्थहिन मात्र होइन यस्ले गम्भिर दुष्परिणामको जोखिम समेत निम्त्याउँछ।